आज मिति २०७५ साल जेठ ६ गते आइतबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी. ज्यूको अध्यक्षतामा गाउँकार्यपालिका बैठक प्रारम्भ गरियो।

<u>उपस्थिति</u>

(१) श्री निम बहादुर के. सी. - अध्यक्ष
(२) श्री टिका शर्मा थली - उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द - वडा अध्यक्ष वडा नं. १
(५) श्री डिल्ली बहादुर के.सी. ,, ,, २
(६) श्री सैतिराम रोकाहा ,, ,, ३
(७) श्री चन्द्र बहादुर रावत ,, ,, ४
(८) श्री राम बहादुर के.सी. ,, ,, ५
(९) श्री दुर्गा बहादुर मल्ल ,, ,, ६
(१०) श्री अमृता कामी कार्यपालिका सदस्य
(११) श्री सन्ताराम कामी ,, ,,
(१२) श्री मञ्जु शाही ,, ,,
(१३) श्री धनिराम नेपाली ,, ,,
(१४) श्री जुना मल्ल चन्द ,, ,,
(१५) श्री देवी खत्री ,, ,,
(१६) जित बहादुर ओली खरिदार

## प्रस्तावहरू

(१) आगामी आ० व० २०६५/०६६ को योजना छनोट सम्बन्धमा ।

(२) कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि २०६५ सम्बन्धमा ।

(३) आ.व. २०६४/६५ को संशोधित बजेट अनुमोदन सम्बन्धमा ।

(४) मौलिक सांस्कृतिक महोत्सव सञ्चालन सम्बन्धमा ।

(५) संस्थागत विद्यालय अनुगमन प्रतिवेदन २०६५ सम्बन्धमा ।

(६) साना व्यावसायिक कृषि उत्पादन (केन्द्र) विकास कार्यक्रम संचालन कार्यविधि २०६५ सम्बन्धमा ।

(७) योजनाको भुक्तानी सम्बन्धमा ।

(८) कृषि प्रसार (थप) र पशुसेवा प्रसार (थप) कार्यक्रम सम्बन्धमा ।

(९) युवा स्वरोजगारको लागि पुस्तिका प्रकाशन सम्बन्धमा ।

(१०) पकेट क्षेत्रको स्थलगत अनुगमन सम्बन्धमा ।

(११) आर्थिक सहयोग सम्बन्धमा ।

(१२) बाँसको तालिम सम्बन्धमा ।

(१३) महिला सहकारी भवनको शिर्षक परिवर्तन सम्बन्धमा ।

(१४) अपाङ्ग को कार्यक्रम सम्बन्धमा ।

निर्णय नं०(१) प्रस्ताव नं०(१) मा छलफल गर्दा यस गाउँपालिका को आगामी आ० व २०७५/७६ को योजना तथा कार्यक्रम छनोटका लागी तपसिल बमोजिम कार्यतालिका अनुसार वस्ती तथा अन्य स्तरमा छलफल गर्ने निर्णय पारित गरियो ।

तपसिल

(क) २०७५/२/१० देखि २० गतेसम्म समुदायस्तर
(ख) २०७५/२/२१ देखि ३१ गतेसम्म वस्तीस्तर
(ग) २०७५/३/१ देखि ५ गतेसम्म वडास्तरमा योजना स्तरिकरन
(घ) २०७५/३/६ देखि १२ गते सम्म विषयगत समितिको बैठक
(ङ) २०७५/३/१४ देखि १६ सम्म एकीकृत योजना तर्जुमा समितिको बैठक
(च) २०७५/३/१८ गते कार्यपालिकाको बैठक
(छ) २०७५/३/२१ देखि गाउँसभा शुरु गर्ने ।

निर्णय नं०(२) प्रस्ताव नं. २ मा छलफल गर्दा कृषि प्रसार कार्यक्रम कार्यन्वयन कार्यविधि २०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. (३) प्रस्ताव नं ३ मा छलफल गर्दा आ. व २०७४/७५ को संशोधित बजेट पारित गर्ने निर्णय पारित गरियो ।

निर्णय नं(४) प्रस्ताव नं. ४ मा छलफल गर्दा मिति २०७५/२/१६ गते फाल्गुनन्द चौरमा मौलिक सांस्कृतिक महोत्सव सन्चालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं(५) प्रस्ताव नं (५) मा छलफल गर्दा संस्थागत विद्यालय अनुगमन प्रतिवेदन २०७४ छलफलका लागी गाउँ शिक्षा समितिमा पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. (६) प्रस्ताव नं. ६ मा छलफल गर्दा साना व्यावसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम सन्चालन कार्यविधि २०७५ पारित गर्ने निर्णय सर्व सम्मतिमा पारित गरियो ।

निर्णय नं. (७) प्रस्ताव नं. ७ मा छलफल गर्दा यस गाउँपालिकाबाट भुक्तानी गर्ने योजना तथा कार्यक्रम फरफारक गर्ने निर्णय पारित गरियो ।

नि.नं. (८) प्रस्ताव नं. ८ मा मा छलफल गर्दा यस गाउँपालिकाको कृषि प्रसार कार्यक्रम र पशुसेवा प्रसार कार्यक्रम को थप कार्यक्रम सन्चालनको लागी एक वडा एक कृषि प्राविधिक र भेटेरीनेरी जे.टि.ए. व्यवस्थापन तथा कृषिजन्य मल बिउ औजार र कृषि भेटेरीनेरी औषधी

खरिद शिर्षकबाट खर्च गर्ने निर्णय पारित गरियो ।

नि.नं. (९) प्रस्ताव नं. ९ मा छलफल गर्दा कृषि, तरकारी र नर्सरी व्यवसाय सञ्चालन तथा महिलावाली, च्याउ मह खेतीमा स्वरोजगार सृजना गर्ने इच्छुक व्यवसायिक तथा कृषकहरुलाई आवेदन दर्ताको लागी १० दिने सूचना प्रकाशन गर्ने निर्णय पारित गरियो ।

नि.नं. (१०) प्रस्ताव नं. १० मा छलफल गर्दा मिति २०८१।।को सूचना अनुसार प्राप्त भएका आवेदनहरुको स्थलगत निरीक्षण गरी छनोट गर्नका लागी तपसिल अनुसार कार्यदल गठन गर्ने निर्णय पारित गरियो ।

(क) श्री दुर्गा बा मल्ल संयोजक
(ख) श्री अमृता खड्का सदस्य
(ग) श्री जित ब. वली सदस्य

नि.नं. (११) प्रस्ताव नं (११) मा छलफल गर्दा क्यान्सर पिडित श्री दिपा वली (शर्मा ३) लाई रु २०,०००।- (बिस हजार रुपैया) आर्थिक सहयोग दिने निर्णय पारीत गरियो । साथै अतिपिडित इन्द्र ब. थापाको लाई कार्यविधि बमोजिम रकम दिने निर्णय पारित गरियो ।

नि.नं. (१२) प्रस्ताव नं. १२ मा छलफल गर्दा महिला दिवस कार्यक्रम अन्तर्गत बाँकी रहेको रु १५,००० र अवलोकन भ्रमण शिर्षक बाट रु ३५,०००।- थप गरी बाँसको तालिम कार्यक्रम एक महिनाको लागी सञ्चालन गर्ने निर्णय पारित गरियो ।

नि.नं. (१३) प्रस्ताव नं. १३ मा छलफल गर्दा मौलवाली मा निर्णय गर्ने गरी महिला भवन निर्माण शिर्षकमा विनियोजित रु ६०,०००।- को शिर्षक परिवर्तन गरी वडास्तरीय किल्ला निर्माण गर्ने निर्णय पारीत गरियो ।

नि.नं. (१४) प्रस्ताव नं. १४ मा छलफल गर्दा वडा नं ३ को अपाङ्गता भएका व्यक्तिहरुका लागी स्वास्थ्य शिविर सञ्चालन का लागी विनियोजित रु ६०,०००।- अपाङ्गहरुका लागी फिल्टर खरिद गर्ने निर्णय गरियो ।